# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

## मिर्चैया नगरपालिका,
## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय प्रदेश नं. १ र प्रदेश नं. २

पत्र संख्याः २०७७।७८
च. नं.

मितिः २०७८।०५।०३

श्री प्रमुखज्यु,
मिर्चैया नगरपालिका,
नगरकार्यापालिकाको कार्यालय,
सिरहा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय प्रदेश नं. १ र प्रदेश नं. २


पत्र संख्याः २०७७।७८
च. नं. मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
मिर्चैया नगरपालिका,
नगरकार्यापालिकाको कार्यालय, सिरहा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले मिर्चैया नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०२।०९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना चौबिस (२४) यसैसाथ संलग्न छ ।
३. लेखापरीक्षणबाट रु. २ करोड १८ लाख ३७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४५ लाख ४५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड १ लाख २२ हजार, नियमित गर्नुपर्ने रु. २८ लाख ७९ हजार र पेश्की बाँकी रु. ४२ लाख ९१ हजार रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# मिर्चैया नगरपालिका
## लेखापरिक्षण अन्तिम प्रतिवेदन

| पदाधिककारी | | अवधि | | बेरुजु रकम | पेश्की बांकि |
|---|---|---|---|---|---|
| | | देखी | सम्म | | |
| प्रमुख प्रशासकिय अधिकृत (उ.स.) | श्री राजेन्द्र प्रसाद पौडेल | २०७६।०४।०१ | २०७६।११।३१ | | |
| प्रमुख प्रशासकिय अधिकृत (उ.स.) | श्री डिल्लीराम भट्टराई | २०७६।१२।०१ | २०७७।०३।३१ | २१७३७०७२ | ४२९१००० |
| लेखा प्रमुख (ले.पा.) | श्री देवेन्द्र प्रसाद यादव | २०७६।०४।०१ | २०७६।१०।३१ | | |
| लेखा प्रमुख (ले.पा.) | श्री शेखर पराजुली | २०७६।११।०१ | २०७७।०३।३१ | | |

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अन्तर्गत १२ वडा रहेको ६५ सभा सदस्य ९१.९७ व.की.मी. क्षेत्रफल रहेको छ । यस नगरपालिका २ नं. प्रदेशमा अवस्थित छ ।

स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालन भएका आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| म.ले.प.फा.नं. २७२ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मिर्चैया नगरपालिका | | | | | | | | |
| नगर कार्यपालिकाको कार्यालय, सिरहा | | | | | | | | |
| कार्यालयको कोड : ८०२१६४०५३०० | | | | | | | | |
| वितीय प्रतिवेदन | | | | | | | | |
| आ.व. : २०७६/७७ अवधी : २०७६/०४/०१ - २०७७/०३/३१ | | | | | | | | |
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७४२५६८९७२.७५ | ६३४६०४०६१.१८ | | ६३४६०४०६१.१८ | | | |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५२,९१,८९,००० | ४४,३१,८०,८४०.७० | ० | ४४,३१,८०,८४०.७० | ० | ० | ० |
| ११००० कर | ११ | ११,३२,००,००० | ४,३३,८३,७८७.४३ | ० | ४,३३,८३,७८७.४३ | ० | ० | ० |
| १३००० अनुदान | | ४०,७४,८९,००० | ३९,७९,९१,८३६ | ० | ३९,७९,९१,८३६ | ० | ० | ० |
| संघीय सरकार | १२ | ३७,९९,८७,००० | ३७,१९,८९,८३६ | ० | ३७,१९,८९,८३६ | ० | ० | ० |
| प्रदेश सरकार | १२ | २,७५,०२,००० | २,६०,०२,००० | ० | २,६०,०२,००० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ८५,००,००० | १८,०५,२१७.२७ | ० | १८,०५,२१७.२७ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २१३३७९९७२.७५ | १९१४२३२११.१० | | १९१४२३२११.१० | | | |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ३,८६,२१,८९७.७५ | २,७९,१४,६६३.१० | ० | २,७९,१४,६६३.१० | ० | ० | ० |
| धरौटी | | ० | १२,०६२३९.०० | ० | १२,०६२३९.०० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १७,४४,५८,०७५ | १६,२२,४२,३७९ | ० | १६,२२,४२,३७९ | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७९३५१३९७२.७५ | ५२,६९८५९९६.३५ | | ५२,६९८५९९६.३५ | | | |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५८,०१,३४,००० | ३४,६१,८०,११६.९० | | ३४,६१,८०,११६.९० | | | |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १६,८३,८१,९७० | १३,३९,४२,२१२.२५ | ० | १३,३९,४२,२१२.२५ | ० | ० | ० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,११,३४,०३० | ९,६३,७७,६४८.८३ | ० | ९,६३,७७,६४८.८३ | ० | ० | ० |
| २५००० सहायता (Subsidy) | १८ | २,००,००० | १,९२,००० | ० | १,९२,००० | ० | ० | ० |
| २६००० अनुदान | १८ | ७८,४९,००० | २२,८१,४८० | ० | २२,८१,४८० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ७३,४१,००० | ५७,५८,४९७ | ० | ५७,५८,४९७ | ० | ० | ० |
| २८००० अन्य खर्च | १८ | २३,५२,००० | १४,४८,७६८ | ० | १४,४८,७६८ | ० | ० | ० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २७,२८,७६,००० | १०,६१,७९,५१०.८२ | ० | १०,६१,७९,५१०.८२ | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | २१,३३,७९९७३.५५ | १८,१०,६१,३१८.०० | | १८,१०,६१,३१८.०० | | | |
| कोषहरु | | ३,८६,२१,८९७.७५ | १,७६,२८,१३९.८२ | ० | १,७६,२८,१३९.८२ | ० | ० | ० |
| धरौटी | | ० | १,१९०८५९.०० | ० | १,१९०८५९.०० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १७४४५८०७५.८० | १६२२४२३१९.१८ | ० | १६२२४२३१९.१८ | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (२,५५,४३८.५५) | | (२,५५,४३८.५५) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (५,०९,४५,०००) | १०,३५,४३,४३०.६३ | | १०,३५,४३,४३०.६३ | | | |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,३८,६४,८०३.०० | | ५,३८,६४,८०३ | | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (५,०९,४५,०००) | १५,७४,०८,२३३.६३ | | १५,७४,०८,२३३.६३ | | | |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १५,७४,०८,२३३.६३ | | १५,७४,०८,२३३.६३ | | | ० |
| | | | | | | | | |

| लेखाप्रमूख | कार्यकारी अधिकृत | महालेखापरीक्षकको कार्यालय | |
|---|---|---|---|
| नामः | नामः | नामः | |
| मितिः | मितिः | मितिः | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्राप्ती भुक्तानी हिसाव (सुत्र र सिग्यास) बाट मिलाईएको छ । नगर विकास कोष सिग्यासको बजेट उप शिर्षक समावेश नगरेकाले पालिकाको प्राप्ती र भुक्तानीको हिसावले यथार्थ नहुदाँ समायोजन गरेकोछ । | |
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ बमोजिम आय र व्ययको हिसाव राख्नुपर्दछ । आर्थिक कार्य प्रणालीको यसमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले बैंक समायोजन हिसाब विवरण नहुदा वर्षान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात भिडान नहुदा एकिन गर्न सकिएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ ।NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन आशिंक गरेको छ । तुलनात्मक भौतिक वित्तिय सूचना अध्ययन गर्न सकिएन।<br>• प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता स्पष्ट हुन संचितकोष व्यवस्थापन प्रणाली प्रयोग गरेको पाईयो।सुत्रमा प्रयास र यर्थाथ सूचना समयमा प्राप्त नहुदा आय हिसाबमा एकिन हुने अवस्था रहेन । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। सो बिषयमा देखिएको व्यहोराहरु देहाय वमोजिम रहेका छन ।<br>आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम संचित कोषमा ट्रन्सफर गर्नु पर्नमा गरको पाइएन ।<br>• सेवा प्रवाह समेतको वार्षिक भौतिक प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलनको बिषयमा सूचना प्रबिधिको प्रयोग भरपर्दो र विशवसनीय अभिलेख देखिएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा कार्य क्षेत्र भित्रका विषयमा विकासको आवधिक, वार्षिक, रणनीतिगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी संचालन ल्याएको पाइएन ।<br>• आयोजनाको बिश्लेषण गरी योजजना बैंक खडा गरेको देखिएन । ७ चरणको योजना छनौट र संचालन हुनेगरेको पाइएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन देखिएन ।<br>• वडाको जिन्सी अभिलेख देखिने गरी मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । जिन्सी निरिक्षण प्रतिवेदन अनुसार मर्मत तथा लिलाम गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको अनलाइन जानकारी दिएको पाइएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम खरिदको गुरुयोजना र खरिद योजना तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै कार्यको गरेमा निर्माण सामाग्री मूल्य, ज्याला, भाडा, तथा अन्य महशुलको न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी अभिलेख र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार योजना उपभोक्तालाई हस्तान्तरण गरेको पाईएन । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका योजना चलाउने उपभोक्ता समिति दर्ता गरेको पाइएन।<br>• सार्वजनिक सुनुवाई, सामाजिक सार्वजनिक परीक्षण र सार्वजनिक सामिजक परीक्षण पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन विकास वातावरण योजना तयार गरेको पाइएन ।फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• अनुगमन भ्रमण अभिलेख राखेर भ्रमणको प्रयोजन र नतिजा सहितको प्रतिवेदन खर्च लेख्नु पर्नेमा सोको पालना भएको पाइएन।<br>• सवारी साधन मर्मत अभिलेख खाता बिना मर्मत खर्च लेखेको पाइयो ।<br>• सवरी ईन्धन बिना लगबुक खर्च गरेको छ ।<br>• पालिकामा समाहित भएका साविकका गाविस र नगरपालिकाको नगदी, जिन्सी सम्पती दायित्व र सम्पती साथै पेश्की र वेरुजुको अभिलेख राखेको पाइएन ।<br>• पालिका अन्तर्गत पारिश्रमिक सुविधा लिने निर्वाचित र प्रशासन,प्राविधिक,सहायक कर्मचारीहरुको सङ्घीय निजामित एन २०४९ वमोजिम कर्मचारी विस्तत विवरण व्यक्तिगत राखेको पाइएन र कार्यरत कर्मचारी योग्यता क्षमता र दक्षता उपयोगको जिम्म्वारी एकीन हुन सकिएन । | |
| ३. | **बजेट पेश, पारितर अख्तियारी**ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा राजश्व र व्ययको अनुमान स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उपप्रमुखले २०७६।०३।०९ गते सभा समक्ष पेश गरेकोमा २०७६।०३।१० मा पारित भएको छ । नगर प्रमुखले २०७६।०४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४. | **चौमासिक पूँजीगतः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत कार्यक्रम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य अनुसार कर्यक्रम कार्यान्वयन गर्नु पर्दछ । चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा कार्यबोझले कामको गुणस्तरमा असर पर्ने हुँदा मौसम र कामको प्रकृति अनूकूल कार्य गर्ने परिपाटी व्वयस्था मिलाउनु पर्छ । | |

| सि. नं. | शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | असारको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | |
| १ | पूँजीगत खर्च | ८५६७६ | १४५१ | ८१६२ | ७६०६२ | ५८४६६ | ३६.८२ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५. | **क्षेत्रगत बजेट -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत समानुपातिक बजेट बाडफाट गरी कार्यक्रम गर्नुपर्दछ । यो बर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १५००००० | ० | ० |
| सामाजिक क्षेत्र | १७१५०००० | १५२३६८१४ | ८८.८४ |
| पूर्वाधार विकास क्षेत्र | २०८४३२००० | ६७०४४५२६ | ३२.१७ |
| सुशासन तथा अन्तरसम्बन्ध | ० | ० | ० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ५५७५००० | ३३९५११५ | ६०.९० |
| **जम्मा** | २३२६५७००० | ८५६७६४५५ | ३६.८२ |

६. **पदपूर्ती स्थिति-** पालिकामा यो वर्ष कार्त्तिक महिनाको तलबीसिट अनुसार देहाय बमोजिम जनशक्तिलाई पारिश्रमीक भुक्तानी गरेको पाइयो ।

| सि।नं। | क्षेत्र | पदपूर्ति संख्या | मासिक रु |
|---|---|---|---|
| १ | स्थायी | ३३ | १७७९८६३८ |
| २ | करार | १६ | ४०२४८३९ |
| ९ | जनस्वास्थ्य | ५५ | २६९९५३९२ |
| १० | अन्य | ५ | २२०७७३६ |
| ११ | नगरपालिका पदाधिकारी ३ महिना | ६२ | २२६८००० |

७. **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि दरबन्दी सृजना हुने व्यवस्था छ स्थायी प्रकृतिको काममा करारमा कर्मचारी नियुक्ति गर्न मिल्ने देखिदैन ।

कर्मचारीहरु करारमा नियुक्ती गरी देहायबमोजिम बार्षिक तलब रु.६३,२०,११८।०० खर्च लेखेको पाईयो । करारको कर्मचारीहरुको प्रतिस्पर्धा र योग्यताको अभिलेख नहुदा लेखेको पारिश्रमिक एथार्थ मान्न सक्ने अवस्था देखिएन ।

| सि.नं. | पद | संख्या | तलब | कैफियत |
|---|---|---|---|---|
| १ | ईन्जीनीयर/ स.ईन्जीनीयर | १ | ४६७८७० | |
| २ | क. अपरेटर/ सहायक | १ | ३०५५०० | |
| ३ | कानूनी सल्लाहकार | १ | ३१६००० | |
| ४ | अमिन | १ | २६०००० | |
| ५ | कार्यालय सहयोगी | ७ | १३६५००० | |
| ६ | सवारी चालक | ३ | ७१५१३० | |
| ७ | कम्प्युटर अपरेटर | १ | २८८२१० | |
| ८ | फायर म्यान | ३ | ७०२००० | |

८. **न्यायीक समितीः-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म कार्यक्षेत्र क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । परेको उजुरीमध्ये मेलमिलापको आधारमा विवाद ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । न्यायीक समितिमा गत बर्षको बांकि १२ तथा यस बर्षको ७४ गरी ८६ उजुरी मध्ये ६३ फछ्यौंट भई ११ बांकि देखिएको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट गरी टुङ्गो लगाउनुपर्दछ ।

८.१. **समितिको सदस्य संख्याः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार न्यायीक समितिमा बढिमा तिन (३) जना सदस्य रहने व्यवस्था रहेको छ । थप एक (१) कार्यपालिका सदस्यसहित चार सदस्य उपस्थित भई बैठक सञ्चालन गरेको देखियो। कानूनले व्यवस्था गरेको भन्दा फरक व्यक्तिलाई समाबेश गरी, न्यायिक समिति संख्या बिजोर संख्यामा सदस्य हुनु पर्ने मान्यता विपरित फरक जिम्मेवारीमा रहेको व्यक्तिलाई सहभागि गरेको निर्णय तथा फेसलाहरुको वैद्यानिकतामा प्रति न्यायिक समितिले ध्यान दिनुपर्ने देखिएको छ ।

८.२. **समितिको खर्चः**

<table>
<tr><td colspan="2">कार्यालयको नाम : मिर्चैया नगरपालिका, सिराहा</td><td>आ.व. २०७६।७७</td></tr>
<tr><td>दफा</td><td>भौ.नं., मिति र ब्यहोरा</td><td>बेरुजू रकम</td></tr>
<tr><td></td><td>४१६-२०७६।०३।२७ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६३ ले सार्वजनिक कोषबाट खर्च गर्दा अधिकत मितव्ययि माध्यमको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । न्यायीक समितिको बैठक सञ्चालन, खाना खाजा बापत रु.२,७९,५००।०० र समिति सदस्यको काज भ्रमणमा योबर्ष रु.२,२०,४००।०० खर्च भएको देखिएकोमा समिति सदस्यहरुको भ्रमणको उद्देश्य र उपलब्धी देखिएन । प्रयोजन बेगर सार्वजनिक कोष बाट सोधभर्ना लिने गरी भ्रमणको गर्नु उचित होईन ।</td><td></td></tr>
<tr><td>८.३.</td><td>बिल भरपाईः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को दफा ३९ को उपनियम (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई र प्रमाण संलग्न हुनु पर्ने व्यवस्था रहेको छ । बिभिन्न शिर्षकको रु.५,००,०००।०० समिति सदस्य सचिवलाई भुक्तानी भएकोमा रु.४,९३,०६२।०० बिल भरपाई पेश भएको देखिएको हुँदा बढि रु.६,९३८।०० असुल हुनु पर्ने रु.</td><td>६९३८</td></tr>
<tr><td>९.</td><td>सम्पति परिचालनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम पालिकाले आफु सँग भएको सम्पति परिचालन गर्नु पर्ने व्यवस्था छ । देहायको निर्माण उपकरण विकास र सेवामा परिचालन भएको कामको लागत र लाभ अभिलेख राखि मापन गरेको पाईएन । उपकरणगत लागत र लाभ अभिलेख राखि बिश्लेषण गर्नु पर्दछ ।
<table>
<tr><td>सि.नं.</td><td>उपकरणको नाम</td><td>संख्या</td><td>मूल्य</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>जेसिबि ब्याकहु लोडर</td><td>१</td><td></td><td></td></tr>
<tr><td>२</td><td>ट्रिपर ट्रक</td><td>१</td><td></td><td></td></tr>
<tr><td>३</td><td>टेक्टर ट्रली समेत</td><td>४</td><td></td><td></td></tr>
<tr><td>४</td><td>सेफ्टी ट्याङ्की</td><td>१</td><td></td><td></td></tr>
<tr><td>५</td><td>रोड रोलर</td><td>१</td><td></td><td></td></tr>
<tr><td>६</td><td>दमकल</td><td>१</td><td></td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१०.</td><td>जिन्सी उपयोग-<br>आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४५ (ठ) उपलब्ध स्रोत,साधन र सम्पतीको समुचित उपयोग र संरक्षणको उचित व्यवस्था गर्नुपर्छ । पालिकाको स्वामित्वमा रहेको जग्गा भवन सवारीसाधन, स्थीर सम्पतिको विवरण एकिकृत र अध्यावधिक गर्ने सम्पति व्यवस्थापन सूचना प्रणाली (PAMIS) र समाहित भएको निकायको सम्पति हस्तान्तरण गरी उपयोग गर्ने व्यवस्था मिलाउनु पर्छ । नदिजन्य र खानिजन्य प्राकृतिक स्रोतको उत्खन्न,संकलन तथा निकासी नियमन गरी स्रोत साधनको अनियन्त्रित दोहन नियन्त्रण गर्नुपर्छ ।<br>पालिका तथा वनक्षेत्रको जग्गा लिज,उपयोग र भोगाधिकार दिने तथा निजी र सार्वजनिकको खानी उत्खन्न लगायत प्राकृतिक स्रोतको उपयोगलाई स्पष्ट मानक र मापदण्ड तयार गरी समुचित उपयोग र नतिजा प्राप्त हुने तरिकाले अनुगमन गर्नुपर्छ ।सरकारी स्वामित्वमा रहेका प्रयोग विहिन जग्गाको अभिलेख,संरक्षण र समुचित प्रयोग गरी आयमूलक कार्यमा लगाउनु पर्छ । अतिक्रमणमा परेका सरकारी सार्वजनिक र गुठी जग्गावाट अतिक्रमण हटाइ संरक्षण गर्नुपर्छ । पूरातात्विक महत्वको सम्पदा तथा संग्राहालयमा रहेका वहुमूल्य वस्तुको अभिलेख मर्मतसंहार र संरक्षण गर्नु पर्दछ ।मठ मन्दिर देवालय गुम्वा तीर्थस्थल दर्शनार्थीबाट चढाइने भेटीघाटी र अभिलेख र संरक्षणको व्यवस्था गर्नुपर्छ ।गुठीमा रहेको चल अचल सम्पतिको संरक्षणको उचित प्रवन्ध गरी उत्पादनशील कार्यको उपयोगमा ल्याउने जिम्मेवारी रहेतापनी यी विषयमा पालिकाको प्राथमिकता नपर्दा स्रोतमा सुरक्षा चुनौती र जग्गा सुरक्षा प्राकृतिक स्रोतको अनियमित दोहन र साँस्कृतिक बहुमूल्य वस्तुको सुरक्षा चुनौतीले जनजीवनमा असर परेको पाइयो ।</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ११. | **बैक हिसाब मिलान नगरेकोः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा स्वीकृत लेखा ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेको खाताको बैंक हिसाब मिलान विवरण मासिक रुपमा तयार नगरि बार्षिक रुपमा सुत्रको २७२ (अनुसुचि-२१) मात्र पेश गरेको छ । अनुसचि-२१ अनुसार बैंक मौज्दात र स्रेस्ता अनुसारको मौज्दातमा रु. ६,८१,४१,१४४।४० फरक देखिएको सम्बन्धमा पालिकाले एकिन गरी हिसाब मिलान गर्नुपर्दछ । | |

अनुसूची २४ बैंक तथा नगद बाकी

यस पालिका अन्तर्गत यो वर्षको अन्तमा निम्नानुसार बैंक तथा नगद बाकी छः

| बैंकको नाम | खाता नं | खाताको प्रकार | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| एन आई सि एशिया बैंक लि. | ६६४१४९८७४८५२४० ०३ | ग २.१, चालू खर्च खाता- विजोर वर्ष | ३७,६६,७६९.२६ | |
| एन आई सि एशिया बैंक लि. | ६६४१४९८७४८५२४० ०४-२ | ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | १,८२,६५,४१५.१८ | |
| एन आई सि एशिया बैंक लि. | ६६४१४९८७४८५२४० ०४-१ | ग २.७, विविध खर्च खाता | ० | |
| एन आई सि एशिया बैंक लि. | ६६४१४९८७४८५२४० ०२ | ग ३.१, स्थानीय तह धरौटी खाता | ० | |
| एन आई सि एशिया बैंक लि. | ६६४१४९८७४८५२४० ०१ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १९,६८,९२,४१२.७६ | |
| एन आई सि एशिया बैंक लि. | ६६४१४९८७४८५२४० ०६ | ग ५.१, स्थानीय तह विविध कोष खाता | ४०,५१,११९.१० | |
| एन आई सि एशिया बैंक लि. | ६६४१४९८७४८५२४० ०७ | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २५,७३,६६१.७३ | |
| बैंक कारोबारमा भिन्नता | | | (६,८१,४१,१४४.४०) | |
| | | जम्मा | १५,७४,०८,२३३.६३ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १२. | **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान खर्च नभई बाँकी फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त गरेको सशर्त अनुदान रु.६,७२,७८,५५२।०० खर्च हुन नसकी (सुत्रको अनुसूची १२ र २१) पालिकाको खातामा बाकी रहेकाले फिर्ता गर्नुपर्दछ । | |

अनुसूची १२

| अनुदानको बिवरण | कुल प्राप्ति | कुल खर्च रकम | संघ/ प्रदेशमा फिर्ता | बाँकि रकम |
|---|---|---|---|---|
| शसर्त अनुदान चालु (संघ) | २०,९५,२९,८३६ | १६,७१,१६,६१३.९१ | ० | ४,२४,१३,२२२.०९ |
| विषेश अनुदान चालु (संग) | ९०,००,००० | ४९,९४,७७० | ० | ४०,०५,२३० |
| रक अनुदान चालु (संघ) | ७८,६०,००० | ० | ० | ७८,६०,००० |
| शसर्त अनुदान चालु (प्रदेस) | १,००,००,००० | ० | ० | १,००,००,००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| विषेश अनुदान चालु (प्रदेश) | ४५,००,००० | ३०,००,००० | ० | १५,००,००० |
| समपुरक अनुदान चालु (प्रदेश) | ४०,००,००० | २४,९९,९०० | ० | १५,००,१०० |
| जम्मा | २४,४८,८९,८३६ | १७,७६,११,२८३.९१ | | ६,७२,७८,५५२.०९ |

१३. **१५५-२०७७।०३।२३** कोभिड-१९ को संक्रमणमा काम नभएको अवस्थामा प्राविधिकतर्फ नमुनाधार श्री मोहन मा.वि. मिर्चैयालाई रु.१,५२,००,०००।०० निकासा गरेको फिर्ता गरी संचित कोष १,५२,००,०००।दाखिला गर्नुपर्छ । निकासाबाट ६० प्रतिशत काम सम्पन्न भइसकेको जानकारी छ ।

**चालु खर्च**

१४. **नियन्त्रणमुखी खर्चः**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा पालिकाबाट सम्पादन गर्ने कार्यको लागि स्वीकृत बजेट मितव्ययी र संस्थागत जिम्मेवारीको काममा उपयोग गर्नुपर्ने व्यवस्था छ । देहायको खर्च शीर्षकमा विनियोजन गरी गरेको खर्चको वार्षिक मितव्ययिता कार्यायोजन र सेवा वितरण निर्माण जस्ता सरकारी काममा उपयोग भएको आस्वस्त पार्ने अभिलेख सहितको कामको प्रकृति अपचलनको पहिचान,नियन्त्रणको वातावरण सूचना र अनुगमनको अभिलेख प्रणाली प्रयाप्त नभएकाले एकीन हुन अवस्था रहेन । आन्तरिक प्रणाली मजवुत बनाई खर्च नियन्त्रण गर्नुपर्दछ ।

| सि।नं | खर्चको शीर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | मेशिनरी औजार र मर्मत | ७००००० | ४९००८८ |
| २ | सवारी मर्मत | १२७६००० | १२५६०३९ |
| ३ | मसलन्द तथा कार्यालय सामाग्री | ५०००० | ५०००० |
| ४ | पत्रपत्रिका र सूचना प्रकाशन | ५६०००० | ५०१४२२ |
| ५ | भ्रमण खर्च | २५००००० | १९४८७७० |
| ६ | अनुगमन मुल्यांकन खर्च | ७००००० | २६१७९० |
| ७ | अन्य भत्ता | ५००००० | ४७११०४ |
| ८ | विविध खर्च | ४०४०००० | ३९८५७८८ |
| ९ | आर्थिक सहायता | २००००० | १९२००० |
| १० | उद्धार र राहत | ११००००० | १०४९९७९ |
| ११ | कर्मचारी बैठक भत्ता | ३५०००० | ३२१५०७ |
| १३ | पानी विजूली | ८४५००० | ७६२५७६ |
| १४ | संचार महशुल | ७४५००० | ५१६५७८ |
| १५ | इन्धन पदाधिकारी | १७१६००० | १३८१७५८ |
| १६ | इन्धन कार्यालय | ३६९९००० | २२७५९५२ |
| १७ | घरभाडा | १३२०००० | १२२१८६८ |
| १८ | सवारी भाडा | ३००००० | ४६४०० |
| १९ | सभा सञ्चालन खर्च | ७००००० | ७००००० |
| | **जम्मा** | २१३०१००० | |

माथी उल्लेखित शीर्षकमा बजेट पुष्ट्याई गर्ने बजेट सूचना प्रणाली बिना पुष्टयाइवीना अनुमान गरेको अवस्था छ । पदाधिकारीले कानून वमोजिमको इन्धन सुविधा दिनुपर्नेमा अधिक खर्च पाईयो । शीर्षकगत खर्च सरकारी काममा प्रयोग भएको एकीन हुनसकिने अभिलेख नहुँदा रायदिन सकिएन ।

कार्यालयको नाम : मिर्चैया नगरपालिका, सिराहा आ.व. २०७६।७७

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

**१५.** **पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा नगरसभाका सदस्यले पाउने सुविधाका बारेमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं .२ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । नगरपालिकाले २०७७ साउन देखि असोज महिनासम्मको रु.२२,६८,०००।०० सुविधा दिएको छ। सम्मानित सर्वोच्चले सुविधाहरु खारेज गरेको छ।सो पश्चात प्रदेश कानून अनुकूल नहुने गरी देहायको सुविधा दिएको देखिएको कानून अनुकूल नहुने सुविधा असुल गर्नुपर्दछ ।

| सि. नं. | पद | सुविधा | संख्या | रकम |
|---|---|---|---|---|
| | नगर प्रमुख | मोवाइल सुविधा | १ | ३५९५९ |
| | | मोवाइल सुविधा | - | |
| | | स्वकीय सचिव | १ | |

**१६.** **तलबी प्रतिवेदनः** निजामती ऐन,२०४९ को दफा ७ (ख२) वमोजिम तलवि प्रतिवेदन पारित गरी खर्च गर्नुपर्ने व्यवस्था छ । प्रतिवेदन पारित नगरी रु.२,२८,१२,०००।०० खर्च लेखेको पाइयो । प्रतिवेदन पारित नहुँदा ग्रेड एकीन हुन नसकेको हुँदा तलवी प्रतिवेदन पारित गर्नपर्छ ।

**१७.** **प्रोत्साहन, अतिरक्त समय भत्ताः** स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सचालन व्ययस्थापन, सेवाका शर्त तथा सुविधाको आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने,र स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था कानून बमोजिम हुने व्यवस्था छ । कानून अनुकूल नहुने गरी अतिरिक्त समय वापत रु.८,८६,५४५।०० भुक्तानी गरेको देखियो । कानून प्रतिकूल खर्च नियन्त्रण हुनुपर्छ ।

**१८.** **सुचना प्रविधिको प्रयोगः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम १२९ (१) मा कार्यलयले सम्पादन गर्नुपर्ने बजेट तथा लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न सुचना प्रविधिमा आधारित प्रणालीको विकास गर्नुपर्ने भएमा पालिकाले मन्त्रालय र महालेखा नियन्त्रक कार्यलय र अर्थ मन्त्रालयको स्विकृति लिनु पर्ने व्यवस्था गरेको छ । पालिकाले उल्लेखित कानूनि व्यवस्थाहरु पालन नगरी देहाय अनुसारको रु.९,९६,५९०।०० खर्च गेरेको छ ।सरकारी प्रयोजनका लागि अनुमति प्राप्त नभएको कम्पनीहरुको सफ्टवेयरहरु प्रयोग गर्दा महत्वपुर्ण अभिलेख तथा सुचनाहरु दुरुपयोगको सम्भावना रहेको छ ।

| भौ. नं. | मिति | कार्यक्रम | परामर्शदाता | डेबिट |
|---|---|---|---|---|
| ८ | २०७६।०६।१४ | आईपि पेरोल | गभर्नेन्स अटोमेशन | ३०३९०० |
| १७० | २०७६।११।१९ | बजट पोस्टिङ | डेलटक्स सोलुलसन | ४९७२०० |
| ३९२ | २०७७।०३।२४ | आय लेखा व्यवस्थापन | साङ्ग्रीला ईन्फर्मेटिक्स प्रा.लि. | १९५४९० |
| | | | जम्मा | ९९६५९० |

**१९.** **कम्बल खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमीत हुने गरी खरिद गर्नु हुदैन । रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र खरिद गर्ने व्यवस्था छ । पालिकाले देहायको आपूर्तकबाट कम्बल सोझै वार्ताद्वारा खरिद गरी रु.९,९९,४२८।०० भुक्तानी गरेको छ । प्रतिस्पर्धा समिति हुने गरी मितब्ययीता एकीन नहुने गरी खरिद गरेको रु............... — बेरुजू रकम: ९९९४२८

| भौ.नं. र मिति | विवरण | आपूर्तक | भुक्तानी रकम |
|---|---|---|---|
| १६१-२०७६।११।१९ | कम्बल | राम वस्त्रालय | ४९९७१४ |
| १६२-२०७६।११।१९ | कम्बल | दुल्हनिया वस्त्रालय | ४९९७१४ |
| | | जम्मा | ९९९४२८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २०. | **बिल भरपाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावलीको दफा ३९ को उपनियम (५) मा यस नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र संलग्न हुनु पर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएक व्यहोरा निम्न छनः | |
| २०.१. | **बोर्डिङ पासः** भौ.नं. ३३०-२०७७।०३।१२ बाट रामजगत यादवको काठमाण्डौ काजको दैनिक भ्रमण खर्च रु.१५,४००।०० भुक्तानीमा हवाईजहाज भाडा रु.४,०००।०० खर्च लेखिएकोमा बोर्डिङ पास संलग्न नगरेकोले पेश गर्नु पर्ने उल्लेख गरेपछि ०७८।१।२० मा दाखिला भएको छ । | |
| २०.२. | ११६-२०७६।१०।२१ पालिकाको काममा भ्रमण खर्च रु.१,२१,०००।०० लेखेकोमा खर्च साथ भ्रमण आदेश र भ्रमण विल बेगर खर्च लेखेको उल्लेख गरेपछि छलफल पश्चात पेश गरेको छ । | |
| २०.३. | १९१-२०७६।११।२२ सब ईन्जीनीयर राजकिशोर शाहको नामको रु.१,४८,०००।०० बैठक भत्ता पेश्की फछ्यौंट गर्दा रु.१,२९,२५०।०० विल भरपाई संलग्न गरी बांकि रु.१८,७५०।०० बिना बिल फछ्यौंट गरेको हुँदा असूल गर्नुपर्ने रु. | १८७५० |
| २१. | **अनुदान सहभागिताः**<br>संघीय कृषी विकास मन्त्रालयको कार्यक्रम कृषी अनुदान र नगदमा लागत साझेदारी गर्नुपर्ने र वस्तुगत अनुदान सहयोग सहुलियत दिदा मागअनुसार नगद सहभागितामा सामानप्राप्त गर्नुपर्दछ । पालिका सहकार्यमा संघीय सरकारको अनुदानमापदण्ड प्रयोग गरी लाभग्राहिको दायरा बढाउन ५० प्रतिशत लगानी सहकार्य बढाउनुपर्नेमा निशुल्क वस्तुगत सामान वितरण गरेको र सोको नतिजा अनुगमन नभएको रु. | २८५००० |

| कार्यक्रम | भौ.नं. | आपूर्तक | परिमाण | कुल खर्च | कृषकको योगदान | पालिकाको |
|---|---|---|---|---|---|---|
| उन्नत जातको बोका र बाखा वितरण | ३५८ | आर आई पशुजन्य उत्पादन केन्द्र | बोका-२, बाखा-२५ | ५००००० | नभएको | ५००००० |
| बसिम घास वित वितरण | ३६६ | सन्तोषी ट्रेड्स | २००० केजी | ७०००० | नभएको | ७०००० |
| | | | जम्मा | ५७०००० | | ५७०००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २२. | **बिद्युत महसुल जरिवानाः** दैनिक उपभोग गर्ने पानी, बिजुली, सञ्चार लगायतको महशुल समयमै दाखिला गर्नु पर्दछ । समयमै दाखीला नहुँदा छुट सुविधा नभई देहायको भौचर बाट विलम्व शुल्क रु.१,००,०००।०० समेत थपगरी तिरेको पाईयो । पालिकामा पर्याप्त वजेट रहेको अवस्थामा थप व्ययभार पारेको अनियमित रु. | १००००० |

| भौ.नं. र मिति | बिद्युत महशुल | कुल भुक्तानी | विलम्ब शुल्क |
|---|---|---|---|
| ४-२०७६।०७।२७ | ४००००० | ५००००० | १००००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २३. | **वडा संचालनः** नगरसभाबाट वडा संचालन बार्षिक रु.३,२५,०००।०० का दरले १२ वडामा रु.३९,००,०००।०० विनियोजन अनुसार खर्चको विल पेस गरेको छ ।बजेटबाट कार्यलय सामाग्री, दैनिक भ्रमण भत्ता, खाजा खाना, पानी तथा बिजुली, सवारी ईन्धन, सवारी मर्मत, सञ्चार शिर्षकको सिर्षकको खर्च भएको छ पालिका र वडामा दोहोरो नहुने गरी खर्चको व्यव्स्था गर्नुपर्दछ । | |
| २४. | **खाना तथा विविध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको सिमाभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । खाना तथा विविधमा रु.३९,८५,७००।०० खर्च गरेको छ ।मितव्ययिता पार्दर्शीता कायम गर्नुपर्दछ । | |

| विवरण | स्रोत | खर्च रकम रु. |
|---|---|---|
| विविध खर्च (चिया/नास्ता/खाना/पानि लगायत) | राजस्व बांडफांट | २५४५७०० |
| विविध खर्च (वडा कार्यलय तर्फ) | राजस्व बांडफांट | १४४०००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा ३९८५७०० | |

२५. **संघीय सर्शत —** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ वमोजिम पालिकाको काम कर्तव्य अधिकारको व्यवस्था छ । पालिकाले प्रदेश र संघको राजश्व वाडँफाट र अनुदान संघ सरकारबाट हस्तान्तरित कार्यक्रम समेत संचालन गर्नुपर्दछ । पालिकाले संघीय सर्सत चालू शिर्षकमा विनियोजन गरेको संघको वजेटलाई संशोधन विना पारित गरी खर्चगर्दा कार्य प्रमाणित हुने अभिलेख नहुदा कार्यनतिजा खर्च एकिन गर्न विनाआधार निकासा दिइएको पाइयो ।

| सिनं | क्रियाकलाप | निकासा | अभिलेख स्थिति |
|---|---|---|---|
| १ | सवैको लागि आधारभूत शिक्षा | ५११७१००० | -विधालयगत दरवन्दी र पदपूर्ति देखिने गरी शिक्षकको नामनामेसी खुल्ने हाजिरी<br>-नायाँ नियुक्ती,अवकाश,विदा र सरुवा विवरण<br>-स्रोतगत स्थायी,करार,ज्यालादरी र स्वयमसेवक शिक्षक अलग देखिने गरी माँगफारम<br>-प्रत्यक शिक्षको मासिक शिक्षण सिकाई प्रगति<br>-शिक्षक र कर्मचारीको हाजिरीसाथ मागफारम |
| २ | माध्यमीक तह | १२३३९००० | -विधालयगत दरवन्दी र पदपूर्ति देखिने गरी शिक्षकको नामनामेसी खुल्ने हाजिरी<br>-नायाँ नियुक्ती,अवकाश,विदा र सरुवा विवरण<br>-स्रोतगत स्थायी,करार,ज्यालादरी र स्वयमसेवक शिक्षक अलग देखिने गरी माँगफारम<br>-प्रत्यक शिक्षको मासिक शिक्षण सिकाई प्रगति<br>-शिक्षक र कर्मचारीको हाजिरीसाथ मागफारम |
| ३ | सेनीटरी प्याड | १४९७७५८ | **-EMIS/** विधार्थी गणना विवरण |
| ४ | प्राम्भिक बालविकास **ECD** | ५४१०००० | -शिक्षक नियुक्ती,अवकाश र शैक्षिक गतिविधिको विवरण |
| ५ | दलित छात्रवृति | १८२७००० | **- EMIS/** परिक्षा नतिजाको **EMIS** |
| ६ | छात्राछात्रवृति | | **EMIS** विधार्थी छडके अनुगमन **Head Count** |
| ७ | दिवाखाजा | ५०१२९०० | **EMIS** विधार्थी छडके अनुगमन **Head Count** |
| ८ | वुक कर्नर | २१३०००० | विगत वर्ष देखिको निकासा यो वर्ष भएको प्रगती |
| ९ | पाठ्यपुस्तक | ३३४२४५२ | **- EMIS** परिक्षा नतिजाको **EMIS %** |
| १० | परिक्षा संचालन | १९४४२५० | -परिक्षा सहभागि **MIS** |
| ११ | परिक्षा नतिजा | - | -परिक्षा सहभागि **MIS** |
| १२ | प्राथमिक स्वास्थ्य सेवा | १५७६९००० | -दरबन्दी पदपूर्ती देखिने तलबीप्रतिवेदन<br>-सेवा वितरणको प्रगति |
| १३ | न्यानो झोला | १४९१००० | -लक्षित वर्गको फोन सहित पहिचानमूलक भरपाइ |
| १४ | आमासुरक्षा आवागमन | १४८६२०० | **-ANC** आवतजावत र जन्मदरको प्रगति (६६९) |

२६. **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (१) अनुसार कर्मचारीको तलवी प्रतिवेदन पारित गराई तलब खुवाउने व्यवस्था छ । पालिकाले तलबी प्रतिवेदन परित नगरी खर्च गरेको छ । तलबी प्रतिवेदन पारित गरेर तलब खर्च लेखुपर्दछ ।

२७. **शिक्षक अभिलेखः** शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ अनुसार शिक्षा विभाग समावेशी शिक्षा शाखाबाट प्रमाणित गरी पठाएको दरबन्दी विवरणका आधारमा शिक्षकहरुको अभिलेख अद्यावधिक गरी शिक्षक एवं कर्मचारीहरुको तलब भत्ता विद्यालयगत रुपमा एकिन गरी

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खर्च लेख्नुपर्ने उल्लेख छ । स्थायी, अस्थायी एवं राहत दरबन्दी विवरण अद्यावधिक गरको पाइएन । यसवर्ष शिक्षकहरुको नयाँ नियुक्ति, सरुवा, बढुवा, अवकास एवं बेतलबी बिदामा रहेको अद्यावधिक विवरण पेस नगरेकोले माग फारामको आधारमा तलब निकासा भिडान गरिएको छ । निकासा यथार्थपरक एवं दुरुस्त छ भनी आश्वस्त हुन सकिएन । | |
| | **स्वास्थ्य तर्फको थप व्यहोरा** | |
| २८. | **जिन्सी प्राप्ति र उपयोगः**<br>१७६-२०७७।०३।१९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको दफा ७८(१) मा कार्यलयले आफुले खरिद गरेको निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्तिको लेखा त्यस्तो मालसामान तथा सम्पत्तिको खरिद मुल्यको आधारमा राख्नु पर्ने र कार्यलय प्रयोजन भन्दा बाहिर प्रयोग गर्नु नहुने व्यवस्था छ प्राथमिक स्वास्थ्य केन्द्र मिर्चैयाको प्रतिक्षालय कोठाको लागी ५५ ईन्चको सामसुङ टेलीभीजन रु.८९,२७०। श्रेष्ठ गिफ्ट ऐण्ड ईलेक्ट्रोनिक्स सप्लायर्सबाट खरिद गरेको पाईएकोमा प्राथमिक स्वास्थ्य केन्द्रमा जडान गरेको नदेखिएको उल्लेख गरेपछि स्वास्थ्यकेन्द्रमा जडान गरेको जानकारी दिएको छ । | |
| २९. | **बिल भरपाईः**<br>२५-२०७७।०२।२९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को दफा ३९ को उपनियम (५) मा यस नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई र प्रमाण संलग्न हुनु पर्ने व्यवस्था रहेको छ । पालिकाको आर्युर्वेद शाखाले क्वारेन्टाईनमा बस्ने व्यक्तिहरुलाई आर्युर्वेद औषधी वितरण गरी आशा आर्युर्वेदलाई रु.३,२६,०००।०० भुक्तानी गरेकोमा क्वारेन्टाईनम बसेको व्यक्तिहरुको संख्वा र औषधी प्राप्त गर्ने व्यक्तिहरुको नामावली र वितरण परिमाण खुल्ने विल भरपाई र कार्यक्रमको प्रभावकारीता जिम्मेवार पदाधिकारीको प्रमाणित अभिलेख संलग्न गरी अभिलेख राख्नुपर्ने रु. | ३२६००० |
| ३०. | **डेङ्गु रोग नियन्त्रणः** नगरपालिकाले डेङ्गु रोग नियन्त्रण कार्यको लागि संघीय सशर्त अनुदान बाट रु.२,५२,०००।०० र पालिका चालुबाट रु.३,४८,०००।०० समेत जम्मा रु.६,४८,०००।०० खर्चको सम्बन्धमा देखिएको व्यहोरा निम्न छनः | |

| भौ.नं. | विवरण | कुल खर्च | अवधि | अनुगमन | सेफ्टी सामाग्री/खाजा /गाडि भाडा | श्रमिक खर्च | औषधी खरिद |
